नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, सुर्खेत

# शहिदमार्ग सडक योजना, रोल्पा

## भारवहन सम्बन्धी सार्वजनिक सूचना

यस योजनाको कार्यक्षेत्र अन्तर्गत घोराही- होलेरी सडकखण्डमा बिभिन्न कारकहरु मध्ये मालवाहक ट्रक/ टिपरहरुको अधिक भारवहनका कारण सडक जिर्ण हुँदै गएको छ। भार उदगमस्थलहरु (बिशेषगरी चुनढुंगा खानी) बाट उक्त सडकखण्डमा भारवहन क्षमताभन्दा बढी भारवहन गरी सवारीसाधनहरु आवागमन गर्ने गरेको पाइएको छ। मालवाहक सवारी साधनको भारवहन नियमन सम्बन्धि निर्देशिका, २०७४ को दफा १३ को उपदफा ४ मा मालवाहक साधनको तौलको गणना गर्दा मालवाहक सवारी साधनमा रहेको सबै मालसामान, सवारीका चालक, सहचालक लगायत सवारीमा सवार सबै व्यक्ति, सवारीमा रहेका मेशिनरी, औजार तथा स्पेयर पार्ट्स, इन्धन ट्यांकीमा रहेको इन्धन सहितको वजनलाई गणना गर्नुपर्ने उल्लेख छ। निर्देशिकाको अनुसूची-१ मा तपसिल बमोजिमको ब्यबस्था रहेको छ।

तपसिलः

| सि.नं. | सवारीको प्रकार | सवारीको अधिकतम कूल वजन, टन |
|---|---|---|
| १ | दुई एक्सल (चार पांग्रा) | १२.०० |
| २ | दुई एक्सल (छ पांग्रा) | १६.२० |
| ३ | तीन एक्सल (दश पांग्रा) | २५.०० |
| ४ | चार एक्सल (१२ पांग्रा) | ३१.०० |
| ५ | चार एक्सल (१४ पांग्रा) | ३०.०० |
| ६ | पांच एक्सल (१८ पांग्रा) | ४०.२० |

अतः सम्बन्धित सबैले तोकिए बमोजिम भारबहन गरी आफ्नो जिम्मेवारी बहन गर्नुहुन तथा नियमन गर्ने निकायले भारवहन नियमनमा आ-आफ्नो जिम्मेवारी पुरा गरी सार्वजनिक सडकको संरक्षणमा सहयोग गर्नुहुन सम्बन्धित सबैको जानकारी तथा कार्यान्वयनको लागि यो सुचना प्रकाशन गरिएको छ।

योजना प्रमुख